karobardaily.com

# कारोबार

वर्ष १३ | अंक २०१ | राष्ट्रिय संस्करण | नेपाल संवत् ११४२

शुक्रबार, २० साउन २०७९ | FRIDAY, 5 AUGUST 2022

नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक

पृष्ठ १२+८ | मूल्य १० रुपैयाँ

# राधी विद्युत कम्पनी लिमिटेड

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति श्रावण ०९, २०७९
दोस्रो पटक प्रकाशित मिति श्रावण २०, २०७९

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति श्रावण ०८, २०७९ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा Webinar (Zoom) मार्फत उपस्थित हुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौं। कोभिड १९ तथा हालै मात्र नेपालमा भेटिएको ओमिक्रोनको उपप्रजाति 'बीएफ.वान' को संक्रमण फैलिने डर रहेकोले शेयरधनीहरुको स्वास्थलाई ध्यानमा राखी Webinar (Zoom) मार्फत यो वार्षिक साधारण सभा गर्न लागिएको जानकारी गराउँदछौ।

### १. सभा हुने मिति समय र स्थान :

मिति : श्रावण ३०, २०७९ (अगस्त १५, २०२२)
समय : विहानको ११:३० बजे, सोमबार
स्थान : कम्पनीको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ।
(Zoom को ID / Passcode उपलब्ध गराइनेछ।)

### २. छलफलको विषय :

१. **साधारण प्रस्तावहरु**

क) संचालक समितिको आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७७/७८ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने।

ग) आ.व. २०७८/७९ को लागि लेखा परिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने।

२. **विविध**

### साधारण सभा सम्बन्धी अन्य जानकारी

१. शेयरधनीले आफ्नो नाम र E-mail Address कम्पनीको E-mail ठेगाना radhihydro123@gmail.com मा पठाउनु पर्नेछ।

२. Zoom Meeting को विवरण शेयरधनीले कम्पनीलाई उपलब्ध गराएको E-mail मार्फत सम्बन्धीत शेयरधनीहरुलाई सभा हुनु भन्दा अघिल्लो दिन पठाइनेछ।

३. Zoom app मार्फत सहभागी हुनका लागि शेयर लगत वा Demat Account मा दर्ता भए बमोजिम आफ्नो नामबाट login गर्नुपर्नेछ।

४. हाजिरी प्रयोजनको लागि Zoom Meeting बिहानको ११:०० बजे देखि खुल्ला रहनेछ।

५. वार्षिक साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य श्रावण २०, २०७९ एक दिन मात्र बन्द रहने छ। शेयरधनी पुस्तीका बन्द भएको अघिल्लो दिन मिति श्रावण १९, २०७९ सम्म कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन्।

६. लेखा परिक्षण प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन लगायतका कागजातहरु निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न सकिनेछ। साथै कम्पनीको वेव साईट www.radhibidyut.com.np मा पनि हेर्न सक्नु हुनेछ।

७. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले श्रावण २७, २०७९ गते कार्यालय समय भित्र उक्त प्रोक्सी यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

८. साधारण सभामा आफ्नो जिज्ञासा राख्न चाहनु हुने शेयरधनीहरुले आफ्नो जिज्ञासा साधारण सभा हुने मिति भन्दा २ (दुई दिन) अघि नै E-mail मार्फत पठाउनु पर्नेछ।

९. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका अध्यक्ष आफैले वा सभाका अध्यक्षबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ।

१०. कम्पनीले १ : १.४७५२ को हकप्रद शेयर जारी गर्न गरेको प्रस्तावलाई विद्युत नियमन आयोगले स्वीकृति प्रदान गरिसकेको छ र उक्त प्रस्ताव नेपाल धितोपत्र बोर्डको स्वीकृतिको प्रकृयामा रहेको छ।

**संचालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**